# बैजनाथ गाउँपालिकाको स्वास्थ्य नीति २०७८

बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
बाँके

गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७८ साल चैत्र १२ गते ।

## १. पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिक हकका रूपमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लिपिबद्ध स्वास्थ्यसम्बन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्यसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरू एवम्  गाउँपालिका भित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई गाउँपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न बैजनाथ गाउँपालिकाले “बैजनाथ गाउँपालिकाको स्वास्थ्य नीति २०७८” तर्जुमा गरी जारी गरेको छ ।

## २. नीतिगत सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भइसकेपश्चात् आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तव्य तथा अधिकार स्थानीय तहलाई रहेको छ । सीमित स्रोतसाधनको उपलब्धताकै बीचमा गाउँपालिकाले नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले सङ्घीय संरचनाअनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकारी र साझेदारी प्रवर्द्धन गर्नेलगायतका उद्देश्य र नीति लिएको छ । नेपालको संविधान, कानुन र नीतिअनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीनओटै तहका सरकारबाट प्रयास भइरहेको छ तर त्यसअनुरूप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन् । नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भएका छन् तर सँगसँगै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन् । ती उपलब्धिलाई जोगाउँदै जनस्वास्थ्यका नवीनतम चुनौतीको सामना गर्नु सबै तहका सरकारहरूको दायित्व हो । स्थानीय सरकार गठन भइसकेपश्चात् यस गाउँपालिकाले नागरिकलाई सहज र सर्वसुलभ रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य कार्यक्रमका साथै नवीनतम प्रयाससमेत गर्दै आइरहेको छ । वडासम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहका लागि सङ्घ तथा प्रदेशसँग सहकार्य भइरहेको छ । यस गाउँपालिकाले १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ स्वास्थ्य चौकी, ४ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ आयुर्वेद स्वास्थ्य केन्द्र, १४ वटा गाउँघर क्लिनिक, २४ वटा खोप क्लिनिक र ९२ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरूद्वारा नियमित रूपमा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । यस गाउँपालिकाले विशेष गरी सेवाबाट वञ्चितीकरणमा परेका दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेरसमूहका, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिँदै आएको छ तापनि सेवाको पहुँच तथा उपभोगमा असमानता विद्यमान छ ।

यस गाउँपालिकावासीका आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई प्रवर्द्धन गर्दै आगामी दिनहरूमा तथ्यमा आधारित योजना निर्माण गर्न आवश्यक धरातल र वैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी विधुतिय स्वास्थ्य प्रोफाइल, गाउँ बस्तुस्थिति विवरण २०७८ लगाएत यस गाउँपालिकाको प्रथम पञ्च बर्षिय आवधिक योजना २०७८/७९-२०८२/८३ समेत तयार गरिसकेको छ ।

## ३. विद्यमान स्थितिः

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल ५४,४१८ जनसङ्ख्या रहेकोमा २०७७ सालमा गरिएको गाउँपालिका घरधुरी सर्वेक्षणको नतिजा अनुसार कुल ६९२८२ जनसङ्ख्या रहेको छ । जसमध्ये पुरुष ४३.९, महिला ५५.९ र तेश्रो लिङ्गी ०.२ प्रतिशत रहेका छन् । पछिल्लो तथ्याङ्क बमोजिम यस गाउँपालिकाको कुल घरधुरी सङ्ख्या १३,९८७ रहेकोमा प्रति वर्ग कि. मि.३८७ जनाको जनधनत्व छ भने औषत परिवार आकार ४ रहेको छ । कुल जनसङ्ख्या मध्ये ०.५ प्रतिशत (२९४ जना) अपाङ्गता भएकाहरू रहेका छन् । जातीय हिसाबले मिश्रित बसोबास रहेको यस गाउँपालिकामा थारु, मुस्लिम, बाहुन, क्षेत्री, ठकुरी र दलित जातिहरू रहेका छन् । जातीय र भाषिक विविधता रहेको यस गाउँपालिकामा ९५.९ प्रतिशत हिन्दु धर्मावलम्बी रहे तापनि मुस्लीम, बौद्ध र क्रिश्चियन धर्म मान्ने जनसङ्ख्या पनि रहेको छ । हालसालै सम्पन्न राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस बैजनाथ गाउँपालिकाको कुल जनसंख्या ७०३१५ रहेको छ जसमध्ये पुरुष ३२७३९ र महिला ३७५७६ रहेका छन् ।

हाल यस गाउँपालिकामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र सहित सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु सन्चालनमा आएका छन् जसमा परिवार नियोजन सेवा सबै स्वास्थ्य संस्थामा उपलब्ध रहेको छ भने साविककका ४ वटा स्वास्थ्य संस्थाहरुमा मात्र बर्थिङ सेन्टर सञ्चालनमा रहेका छन् । साथै यस गाउँपालिका वडा नं ८ मा १ वटा आर्युवेदिक सेवा केन्द्र समेत रहेको छ । त्यसैगरि बनकटवा प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला तथा एक्सरे सेवा समेत उपलब्ध रहेको छ ।

यस गाउँपालिकाभित्र प्राथमिक स्वास्थ्य सेवामा पहुँचको अवस्था हेर्दा १५ मिनेट भित्र स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिवार २९.१६ प्रतिशत, १५ मिनेट देखि ३० मिनेट सम्ममा स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिवार ४८.२८ प्रतिशत, ३० मिनेट देखि १ घण्टा सम्ममा पुग्न सक्ने घरपरिवार २.०७ प्रतिशत रहेको देखिन्छ । गत वर्ष मृत्यु भएका कुल १४९ जनामध्ये मृत्यु हुने कारणहरूका आधारमा वर्गीकरण गर्दा सबैभन्दा उच्च नसर्ने रोगबाट मृत्यु हुने ८६.५८ प्रतिशत रहेको छ भने दुर्घटनाबाट मृत्यु हने १३.४२ प्रतिशत रहेको छ । स्थानीइ स्वास्थ्य संस्थाको अभिलेखअनुसार यस गाउँपालिकाभित्र गत वर्ष प्रजनन उमेर समूहका ४ जना गर्भवती महिलाको मृत्यु भएको देखिन्छ ।

बैजनाथ गाउँपालिकाका आ.ब. २०७७/७८ का केही महत्त्वपूर्ण सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहायबमोजिम प्रस्तुत गरिएको छ :

| सि.नं | सूचकहरू | नेपाल | प्रदेश | बैजनाथ गाउँपालिका |
|---|---|---|---|---|
| १ | नवजात शिशु मृत्य संख्या | २५८८ | ५१२ | ५ |
| २ | मातृ मृत्यु संख्या | २४८ | ७२ | ४ |
| ३ | संस्थागत प्रसूतिको प्रतिशत | ६४ | ७९.६ | २३ |
| ४ | २ वर्षमुनिका कम तौल भएका बच्चाहरूको प्रतिशत | २.९ | २.८ | ४.८ |
| ५ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत | ७७.८ | ८३.१ | ८४.५ |
| ६ | प्रोटोकलअनुसार पहिलो पटकको गर्भवती जाँच | ६९.२ | ७५.२ | ६७ |
| ७ | प्रोटोकलअनुसार चौथो पटकको गर्भवती जाँच प्रतिशत | ५५.४ | ६०.७ | ५० |
| ८ | प्रोटोकलअनुसार तालिमप्राप्त दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको प्रतिशत | ६० | ७७ | १९.२ |
| ९ | परिवार नियोजनको प्रयोगदर | ४०.६ | ४४.२ | ९ |
| १० | बहिरङ्ग सेवा लिनेहरूको प्रतिशत | ७७ | ८२.१ | ५८.७ |
| ११ | औलो पोजिटिभ देखिएका बिरामी दर | ०.२४ | ०.१७ | ०.५८ |
| १२ | नयाँ क्षयरोगी बिरामी पत्ता लागेको दर (सबै प्रकारका क्षयरोग)/१०००००० | ९४.७ | ११४ | १३७.६ |

स्रोत: District Health Information System-2 ( DHIS-2)

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्याहरू

- नेपालको संविधानले प्रत्याभूत गरेअनुरूप गाउँपालिकाभित्र स्वास्थ्य सेवामा समतामूलक, सर्वसुलभ पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवा प्राप्त गर्न गाउँवासीलाई कोहलपुर, नेपालगंज तथा अन्य सुबिधायुक्त शहरहरू जस्तै बुटवल, भरतपुर, काठमाडौं लगायत छिमेकी मुलुक भारतको लखनउमा जानुपर्ने बाध्यता रहेको ।
- स्वास्थ्य संस्थाहरूमा अपर्याप्त भौतिक पूर्वाधार र जनशक्ति, औषधी र उपकरणको अभाव, नसर्ने रोगहरूको बढ्दो भार, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य अवस्था, अस्वस्थकर जीवनशैलीका कारण उत्पन्न जनस्वास्थ्यका नयाँ जटिलताहरू बढ्दै जानेलगायतका समस्या विद्यमान छन् ।

- गुणस्तरीय औषधीको आपूर्ति,  वितरण र उपलब्धता सहज र पहुँचयोग्य हुन सकेको छैन ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरू जस्तै; क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरू बढ्दै गएको अवस्था छ ।
- विशेष गरि थारु समुदायमा देखिने सिक्कल सेल रक्तअल्पताको समस्या व्याप्त रहेको छ ।
- चुरोट, रक्सी तथा लागु औषध दुर्व्यशन बढ्दै गइरहेको छ ।
- गम्भीर प्रकृतिका रोग लागेमा उपचार महँगो भई परिवार नै गम्भीर आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि विद्यमान छ ।
- गाउँपालिकाका नागरिकहरूमा गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ ।
- नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । अझै पनि यस गाउँपालिकाका अधिकांश महिलाहरू घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी गाउँपालिकामा मातृ तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर तुलनात्मक रूपमा उच्च रहेको छ ।
- आयुर्वेदिक उपचार पद्धति गाउँपालिकाभरि विस्तार एवं प्रभावकारी हुन सकेको छैन ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्योपचार, किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएका स्वास्थ्य सेवा र ऐननियमका कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरू (पारदर्शिता, सामाजिक परिक्षण, नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र नागरिकका गुनासाहरू सुन्ने तौरतरिका) को उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले जनतामा सार्वजनिक स्वास्थ्य सेवाप्रतिको असन्तुष्टि अझै कायम छ ।

## ४.२ चुनौतीहरू

- स्रोतसाधनको सीमितताका कारण आधारभूत स्वास्थ्यसम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच वृद्धि गर्न तथा मातृ र बालमृत्युदर घटाउने कार्य गाउँपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठुलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने ।
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने ।
- जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवाका लागि गाउँपालिका भित्रै सुविधासम्पन्न विशेषज्ञ सेवा सहितको अस्पतालको स्थापना तथा सन्चालन गर्न चुनौती छ ।
- कतिपय समुदायहरुमा परम्परागत गुरुवा, धामी, झाँक्रीप्रति नागरिकहरूमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सापद्धतिप्रति विश्वास जगाउनुपर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधी उपकरण पुऱ्याउन र  सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई समुचित मूल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ ।
- स्वास्थ्य उपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाउनु तथा स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यन्वयन गराउनु ।

- स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री एवं दिगो बनाई राख्नु पनि चुनौति रहेको छ ।
- नवजात शिशु, बाल तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि वेला हुन सक्ने स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खासगरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउने चुनौती विद्यमान छ ।

### ४.३ अवसरहरू

- संविधानले सङ्घीय शासनप्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाइलगायत स्वास्थ्यसम्बन्धी विभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेको सन्दर्भमा स्थानीय अवस्था, आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने गरी स्वास्थ्यसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन गर्ने अवसर छ ।
- एम्बुलेन्स सेवा थप गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेला गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने ।
- स्वास्थ्य सूचना प्रणाली सक्षम हुँदै जानु र तथ्यगत आधारमा निर्णय गर्ने परम्पराको सुरुवात हुनुले स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्न सकिने अवसर रहेको छ ।
- प्रत्येक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने गरी नेपाल सरकारको प्रतिवद्धता आएसँगै स्वास्थ्य संस्थाको संजाल विस्तार हुनु ।
- गाउँपालिकाभित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।
- गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।

## ५. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

### ५.१ निर्देशक सिद्धान्त

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

### ५.२ भावी सोच (Vision)

गाउँपालिकाका सबै नागरिकको घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्दै सबै नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने ।

### ५.३ ध्येय (Mission)

सङ्घ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक, सेवाग्राही र सरोकारवालाहरूबीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

समतामूलक, समावेसी, न्यायसङ्गत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट गाउँपालिकाका सबै नागरिकलाई गुणस्तरीय, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा वृद्धि गर्ने ।

## ५.५ उद्देश्यहरू (Objectives)

(क) गाउँपालिकाका नागरिकलाई संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने,

(ख) सङ्घीय संरचना अनुरूप गाउँपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

(ग) निदानात्मक सेवा सहितको आधारभूत एवं आकस्मिक विशेषज्ञ स्वास्थ्य सेवा गाउँपालिका भित्रै उपलब्ध गराउने

(घ) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवामार्फत गाउँवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(ङ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

(च) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा सहकार्य एवमं सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने ।

# ६.नीतिहरू

बैजनाथ गाउँपालिकाको विशिष्टीकृत भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका अन्य समस्या र चुनौतीहरूलाई सम्बोधन गरी नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानगर्न गाउँकार्यपालिकाले देहायका नीतिहरू अवलम्बन गरिने छ :

नीति १ गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनुका साथै प्रेषण प्रणालीको सुदृढीकरण गरिनेछ ।

नीति २ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्र तथा इकाईहरूको व्यवस्था गरिनेछ ।

नीति ३ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्यूनतम पूर्वाधारसहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।

नीति ४ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

नीति ५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

नीति ६ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, मुक्त कमैया, कमलरी, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्ग, द्वन्द प्रभावित लगायत सीमान्तकृत एवं लैङ्गिक, यौनिक अल्पसंख्यक समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।

नीति ७ स्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतीकारात्मक, उपचारात्मक, तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

नीति ८ आयुर्वेदलगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।

नीति ९ बिभिन्न सरुवा रोग, कीटजन्य, सङ्क्रामकलगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी नियन्त्रण एवं विपद् व्यवस्थापनका लागि बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।

नीति १० स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

नीति ११ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

नीति १२ स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।

नीति १३ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि संस्थाहरूमा भौतिक पूर्वाधार, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिनेछ ।

नीति १४ स्वास्थ्य क्षेत्रको नियमित अनुगमन, मुल्यांकन र सुपरिवेक्षण गर्न उचित प्रणालीको व्यवस्था गरी सो अनुसार कार्यान्वयन गरिने छ ।

नीति १५ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

नीति १६ स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण एवं स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गरिने छ ।

नीति १७ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

नीति १८ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।

नीति १९ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्धन गर्दै गाउँपालिकावासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।

नीति २० जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गर्दै स्वस्थ, स्वच्छ, सफा तथा समृद्ध गाउँपालिका निमार्ण गरिनेछ ।

## ७. नीतिअन्तर्गतका रणनीतिहरूः

उल्लेखित स्वास्थ्य नीतिहरुलाई कार्य रुपमा ल्याउन निम्न रणनीतिहरु अवलम्बन गरिनेछन्:

**नीति १ गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनुका साथै प्रेषण प्रणालीको सुदृढीकरण गरिनेछ ।**

१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराइने छ ।

१.२ आधारभुत स्वास्थ्य सेवामा सर्वव्यापि पहुँचको सिद्धान्त अनुरुप सेवा प्रदान गर्न प्रत्येक वडामा अपाङ्ग, जेष्ठ नागरिक, बाल तथा किशोरकिशोरीमैत्री संरचनाहरू सुनिश्चित भएको स्वास्थ्य संस्थाहरुको स्थापना गरिनेछ भने हाल रहेका स्वास्थ्य संस्थाहरूको क्रमश स्तरोन्नति गर्दै लगिनेछ ।

१.३ अति विपन्न, अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरु र जोखिममा रहेका बस्तीको पहिचान तथा नक्साङ्कन गरी सो समूहलाई उच्च प्राथमिकतामा राख्दै सङ्घ, प्रदेशद्वारा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा निजी तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने गैरसरकारीसंस्थाको साझेदारी र सहकार्यमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गरिनुका साथै आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ ।

१.४ गाउँपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवम् सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरूलाई सामञ्जस्यपूर्ण ढङ्गले सञ्चालन गर्न कार्ययोजना बनाई लागू गरिनेछ ।

१.५ सङ्घ तथा प्रदेशसँगको समन्वयमा गाउँपालिकाभरी समेट्ने गरी २४ सै घण्टा सेवा उपलब्ध हुने एम्बुलेन्सको प्रवन्ध गरि प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

१.६ सुरक्षित मातृत्वको लागि प्रेषण सेवालाई थप प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा कार्यविधि सहितको आकस्मिक प्रसूति सेवा कोष (Emergency Obstretic Care (EOC) Fund) को व्यवस्था गरिनेछ ।

**नीति २ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्र तथा इकाईहरूको व्यवस्था गरिनेछ ।**

२.१ सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा २४ मै घण्टा सेवा सञ्चालन हुने आकस्मिक र प्रसुती सेवा केन्द्र सहितको कम्तीमा एउटा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन आवश्यक पूर्वाधार सहितको सामुदायिक स्वास्थ्य इकाई, सहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक स्थापना, औचित्यपूर्ण स्थानान्तरण र तिनीहरूमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाइनेछ ।

२.३ गाउँपालिकास्तरमा प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा, बाल उपचार सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाइनुका साथै प्राथमिक ट्रमा सेवा इकाई र सर्पदंश उपचार केन्द्रको स्थापना गर्न पहल गरिने छ ।

२.४ गाउँपालिकास्तरीय एक अक्सिजन प्लान्ट निर्माण गरि अक्सिजनको आपूर्तिलाई सहज गरिनेछ ।

२.५ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्डअनुसार क्रमागत रूपमा व्यवस्था गरिनेछ ।

२.६ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ट अभियान सुरु गरी क्रमबद्ध रूपमा विस्तार गरिनेछ ।

२.७ गाउँपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्डअनुसार फोहोरमैला विसर्जन गर्ने व्यवस्था गरिनेछ ।

**नीति ३ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्यूनतम पूर्वाधारसहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।**

३.१ गाउँपालिकाभित्रका साबिकका स्वास्थ्य संस्थाहरू स्तरोन्नति गर्न विशेषज्ञ सेवा विस्तार गरी निदान तथा उपचार पद्धति सुदृढ गरिनेछ ।

३.२ गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ल्याब सेवाको विस्तार तथा स्तरोन्नति गरिनेछ । साथै रेडियोलोजी लगायत अन्य निदानात्मक सेवाहरुको सन्चालन गरि विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्ने व्यवस्था मिलाइने छ ।

३.३ नीजी सेवा प्रदायक, मेडिकल कलेज तथा शिक्षण अस्पतालहरूसंग आवश्यक समन्वय गरी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य शिविरहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

**नीति ४ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।**

४.१ घरैमा सुत्केरी हुने दरलाई शून्यमा झारी गाउँपालिकालाई शतप्रतिशत संस्थागत सुत्केरी हुने गाउँपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।

४.२ गाउँपालिका भित्र सञ्चालित बर्थिङ सेन्टरहरुलाई मानव स्रोत र भौतिक साधन सम्पन्न बनाइनुका साथै सबै वडाहरुमा कम्तिमा एक बर्थिङ सेन्टरको स्थापना गरिनेछ । सबै बर्थिङ सेन्टर तथा प्रसूति केन्द्रहरूमा आमाघर तथा स्तरअनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनेछ ।

४.३ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बाल मृत्युदरलाई न्यूनीकरण गर्न विशेष जोड दिईनेछ ।

४.४ नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४.५ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।

४.६ महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ ।

४.७ सबै संस्थागत मातृ मृत्यु तथा नवजात शिशु मृत्युको कारण पुनरावलोकन तथा प्रतिकार्य गर्ने पद्धति (Maternal and Perinatal Death Surveillance and Response (MPDSR)) लाई अनिवार्य गराईनेछ । समुदाय स्तरमा भएका मातृ तथा नवजात शिशु मृत्युहरुको मौखिक परिक्षण (Verbal Autopsy) गरिनेछ ।

४.८ हाल सञ्चालित राष्ट्रिय विस्तारित खोप कार्यक्रमलाई सुदृढ गरी यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका बनाईनेछ ।

४.९ सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ । लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

४.१० परिवार नियोजनका अस्थायी साधनको नियमित एवं निरन्तर आपूर्ति सुनिश्चित गरी आवश्यकता अनुसार परिवार नियोजन शिविरको सञ्चालन गरिनेछ ।

४.११ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

४.१२ संघ, प्रदेश र सरोकारवालासँगको सहकार्यमा एक विद्यालय एक नर्सको अवधारणा, महिनावारी स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम, स्वास्थ्य परिक्षण जस्ता विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

**नीति ५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।**

५.१ तोकिए बमोजिमका अवस्थाको समयमै नसर्ने रोगको पहिचान गर्न आवश्यक स्वास्थ्य संस्थामा स्क्रिनिङ्ग सेवा सञ्चालन गरिनेछ ।

५.२ प्रमुख नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रण कार्यक्रम (Package of Essential Non Communicable (PEN) Disease Interventions) लाई विस्तार गर्दै सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ ।

५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनको लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गर्नका लागि आधुनिक तथा वैकल्पिक चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।

५.४ लागु पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तीजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्दै बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ ।

५.६ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रवर्धनको लागि समुदायका राजनीतिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ ।

५.७ स्वास्थ्य प्रवर्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु आवश्यकता अनुसार स्थापना गरिनेछ ।

५.८ विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामुलक स्वास्थ्य सन्देशहरु नियमित प्रवाह गरिनेछ ।

**नीति ६ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, मुक्त कमैया, कमलरी, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्ग, द्वन्द प्रभावित लगायत सीमान्तकृत एवं लैङ्गिक, यौनिक अल्पसंख्यक समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।**

६.१ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्था अपाङ्ग, ज्येष्ठ नागरिक, बाल तथा किशोरकिशोरी मैत्री बनाइनेछ ।

६.२ स्वास्थ्य बिमा तथा सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य योजनाहरु मार्फत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गरिनेछ ।

६.३ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

६.४ महिला, दलित, जनजाति जस्ता लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ ।

६.५ लैङ्गिक हिंसाको रोकथाम तथा त्यस्तो हिंसाबाट पीडित व्यक्तिहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको लागि उचित प्रवन्ध गरिनेछ ।

६.६ स्वास्थ्य बीमाको दायरा बढाई गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

६.७ सङ्घीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

६.८ अति गरिब, विपन्न तथा लोपोन्मुख समुदायहरूलाई तोकिएको मापदण्डअनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

६.९ गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क सेवाहरूलाई सहजीकरण सिफारिस र प्रभावकारी बनाउन एक र्‍यापिड रेस्पोन्स इकाई (Rapid Response Unit) को व्यवस्था गरिने छ ।

**नीति ७ स्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतीकारात्मक, उपचारात्मक, तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।**

७.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्यअनुसार गाउँपालिकाका हरेक वडाहरूमा हाल सञ्चालित सुरक्षित मातृत्व, बालस्वास्थ्य, पोषणसँग सम्बन्धित कार्यक्रमलाई वडा तथा स्वास्थ्य संस्थासँग समन्वय गरी प्रभावकारी रूपले सञ्चालन गर्ने व्यबस्था मिलाइने छ ।

७.२ विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ ।

७.३ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बालमृत्युदरजस्ता महत्वपूर्ण सूचकाङ्कहरूमा आधारित लक्ष्यहरू तय गरी आवधिक कार्ययोजना तयार गरी लागू गरिनेछ ।

७.४ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.५ सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानि गर्ने वस्तुहरूको उत्पादन तथा किनबेचलाई निरुत्साहित गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्रीवितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानुन बनाई कार्यान्वयन गरिनेछ ।

७.६ बढ्दो नैराश्य तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ ।

७.७ प्रमुख नसर्ने रोग रोकथाम तथा नियन्त्रण (Package of Essential non communicable Disease (PEN)) कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ । उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, मुटुरोग अर्बुद रोग, दम, मोटोपनाजस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिनेछ

७.८ सिक्कल सेल रक्तअल्पता रोगको रोकथामका लागि आवश्यक प्रबर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक स्वास्थ्यसेवा सञ्चालन गरिनेछ ।

७.९ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षणजस्ता स्वास्थ्यप्रवर्द्धनका क्रियाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ ।

७.१० गाउँपालिकाका वडाहरूसँग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी सामुदायिक नर्स मार्फत टोलबस्तीमा स्वास्थ्य सेवा प्रवाह गर्न पहल गरिनेछ ।

७.११ स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउन हरेक विद्यालयमा बर्षमा १ पटक साधारण स्वास्थ्य जाँच घुम्ती शिविर, जेष्ठ नागरिक विशेष नि:शुल्क घुम्ती स्वास्थ्य जाँच शिविर, वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच जस्ता स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

७.१२ गाउँपालिकामा अवस्थित बिद्यालय, स्वास्थ्य संस्था, युवाक्लब तथा योग केन्द्रसंग आवश्यक सहकार्य तथा समन्वय विस्तार गरी स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ८ आयुर्वेदलगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।**

८.१ जडीबुटी, आयुर्वेदिक औषधी तथा स्वास्थ्यसम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान-सीप-प्रविधिका बारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

८.२ आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडीबुटीको व्यावसायिक खेती, सङ्कलन एवम् भण्डारणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ ।

८.३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिनेछ ।

**नीति ९ बिभिन्न सरुवा रोग, कीटजन्य, सङ्क्रामकलगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी नियन्त्रण एवं विपद् व्यवस्थापनका लागि बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।**

९.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा जोखिम न्यूनीकरणका योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९.२ गाउँपालिका स्वास्थ्य क्षेत्र आपतकालिन एवं विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी बहुपक्षीय सहकार्यमा कार्यान्वयन गरिनेछ ।

९.३ महामारी रोग तथा विपद व्यवस्थापनको लागि गाउँपालिका स्तरीय कोषको व्यवस्था एवं प्रभावकारी परिचालन गरिनेछ ।

९.४ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटनाजस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न गाउँपालिकाभित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने अत्यावश्यक औषधी, उपकरण तथा सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरिनेछ ।

९.५ सम्भावित विपद वा प्रकोपको व्यवस्थापन कार्यका लागि प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Centre) स्थापना गरी गाउँपालिका देखि वडा तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ ।

९.६ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९.७ सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारण गर्नेसम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

९.८ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरूमार्फत स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ ।

**नीति १० स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।**

१०.१ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन गरिने छ ।

१०.२ विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि सङ्घीय, प्रदेश सरकार एवम् शिक्षालयसँग समन्वय र सहकार्य गरिनेछ ।

१०.३ गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको स्तरअनुसारको समुचित व्यवस्थापन गरिनेछ ।

१०.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि सेवाकालीन तालिम, पेसागत वृत्तिविकास तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

१०.५ आवश्यकताअनुसार स्वास्थ्यकर्मीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.६ महिला स्वास्थ्य स्वयंसेविकाको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ ।

**नीति ११ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।**

११.१ हटलाइन, टेलिमेडिसिनलगायतका सेवाहरू सञ्चालन गरी सेवालाई प्रभावकारी बनाइनेछ ।

११.२ सुलभ फार्मेसी सेवा स्थापना गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।

११.३ गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड लागू गरी सोहीअनुसारको स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।

११.४ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिर गर्ने व्यवस्था गरि कर्मचारीहरुको नियमित उपस्थितिको सुनिश्चित गरिने छ ।

**नीति १२. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

१२.१ गाउँपालिकाभित्र स्वास्थ्यसम्बन्धी सूचना प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

१२.२ सबै निजि तथा गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको प्रतिवेदन तथा अभिलेख संकलन गरिने व्यवस्था गरिनेछ ।

१२.३ सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले निर्धारण गरेका अभिलेख फारम, रजिष्टर तथा अनुसूचि फारमहरुको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

१२.४ गाउँपालिकाका स्वास्थ्य शाखा तथा सबै स्वास्थ्य संस्थाहरूमा इन्टरनेटको पहुँच विस्तार लगाएत सूचना प्रणाली व्यवस्थित गर्न आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ ।

१२.५ गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरूको विद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास, विस्तार तथा नियमित गर्ने व्यवस्था मिलाइनेछ भने डि.एच.आई.एस. र ई.एल.एम.आई.एस. जस्ता सूचना प्रणालीहरुलाई सबै स्वास्थ्य संस्थाहरुसम्म विस्तार गर्न आवश्यक पूर्वाधार, तालिम आदिको व्यवस्था गरिनेछ ।

१२.६ गाउँपालिका भित्रका स्वास्थ्यकर्मीहरुले लिएका तालिमको अभिलेख राख्न तालिम व्यवस्थापन सूचना प्रणाली (Training Management Information System) को विकास गरिनेछ ।

१२.७ गाउँपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ ।

१२.८ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवम् संस्थालाई पुरस्कृत गरिनेछ ।

१२.९ गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

१२.१० स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**नीति १३: गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि संस्थाहरूमा भौतिक पूर्वाधार, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरिनेछ ।**

१३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१३.२ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी, औजार उपकरणको सूची तयार गरी समयमा नै खरिद, आपूर्ती, भण्डारण, बितरण तथा नियमित मर्मत सम्भार र व्यवस्थापनको कार्यलाई सुदृढ गरिनेछ ।

१३.३ आपूर्ति व्यवस्थापन प्रणाली विकास गरी औषधी, खोप तथा अन्य स्वास्थ्य सामग्रीहरूको प्रभावकारी सप्लाई चेन व्यवस्थापन गरिनेछ । औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

१३.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने जनस्वास्थ्य कार्यक्रमका तोकिएका औषधी तथा औषधी जन्य सामाग्रीहरु गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ र हरेक तहमा भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिने छ ।

१३.५ औषधि, खोप तथा स्वास्थ्य सम्बन्धी सामग्रीहरूको नियमित उपलव्धता तथा भण्डारणलाई व्यवस्थित गरिनेछ । साथै पालिका देखि स्वास्थ्य संस्था स्तर सम्म विद्युतिय आपूर्ति व्यवस्थापना सूचना प्रणाली ( Electronic Logistics Management System-eLMIS) विस्तार गरि भण्डारण तथा आपूर्ति कार्यलाई व्यबस्थित गरिदै लगिनेछ ।

१३.६ औषधि आपुर्ति व्यवस्थापनलाई चुस्त पार्नुका साथै औषधिको न्यायोचित वितरण एवं विवेकपूर्ण प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।

१३.७ औषधि खरिद गर्दा आधारभूत स्वास्थ्य सेवाका लागि प्राथमिकीकरण गर्दै थप औषधिहरूको उपलब्धतालाई सुनिश्चित गरिने छ ।

१३.८ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने अत्यावश्यक औषधि एवं अन्य समस्याहरु समाधानका लागि स्वास्थ्य संस्था स्तरमा गुणस्तर सुधार कोषको स्थापना लगाएत गाउँपालिकाबाट प्रत्येक स्वास्थ्य संस्थाका लागि स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१३.९ संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्वन्धी लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ ।

**नीति १४: स्वास्थ्य क्षेत्रको नियमित अनुगमन, मुल्यांकन र सुपरिवेक्षण गर्न उचित प्रणालीको व्यवस्था गरी सो अनुसार कार्यान्वयन गरिने छ ।**

१४.१ स्वस्थ्य संस्था, खोप क्लिनिक, गाउँघर क्लिनिक र महिला स्वास्थ्य स्वयम् सेविकाबाट दिईने स्वास्थ्य सेवा, भौतिक पुर्वाधार, स्टोर व्यबस्थापन, मानव संसाधन, सुशासन आदिको नियमित अनुगमन, मुल्यांकन र सुपरिवेक्षणका लागि गाउँपालिकामा स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका बनाई प्रभावकारी रुपमा लागु गरिने छ ।

१४.२ अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण चेकलिष्ट अनुसार आएको प्रतिबेदन माथि व्यबस्थापन समितिमा छलफल गरी आबश्यक कदम चालिने छ ।

१४.३ स्वास्थ्य तर्फको सेवाहरुको मासिक र चौमासिक तथा बार्षिक समिक्षा साथै नियमित अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गर्नको लागि आवश्यक बजेट एवं स्रोतको व्यवस्थापन गरिने छ ।

१४.४ एकिकृत स्वास्थ्य तर्फको बार्षिक समिक्षामा स्वास्थ्य सेवाको सुचकहरुको मापदण्ड बनाई मापदण्ड पुरा गरेका उत्कृष्ठ स्वास्थ्य संस्था तथा कर्मचारीलाई पुरुस्कृत गरिने छ ।

**नीति १५ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

१५.१ निजी स्तरबाट स्वास्थ्य सेवा प्रदान गर्ने सेवाप्रदायक संस्थाहरूका लागि कानुन, मापदण्ड, निर्देशिका बनाई सोहीअनुसार दर्ता गर्ने, सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१५.२ सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरीने छ । सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रगति प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ ।

१५.३ सार्वजनिक तथा निजी क्षेत्रको सहभागीताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ ।

१५.४ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरिनेछ ।

**नीति १६ स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण एवं स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गरिने छ ।**

१६.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई जनस्वास्थ्यका विभिन्न अभियानहरूमा सहभागी गराउनुका साथै स्वास्थ्य प्रवर्द्धन, सर्ने तथा नसर्ने रोगका बारेमा अभिमुखीकरण गर्दै लगिनेछ ।

१६.२ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरूले गर्दै आएका सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने क्रियाकलापलाई प्रोत्साहन गरिनेछ ।

१६.३ स्थानीय सञ्चार माध्याम तथा सामाजिक सञ्जालमार्फत गाउँपालिकाको सक्रियतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहारसम्बन्धी सामग्रीहरू नियमित प्रसारण गरिने छ ।

१६.४ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिने छ ।

१६.५ विद्यालय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिने छ ।

१६.६ विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसँग नियमित अन्तरक्रिया गरिने छ ।

१६.७ शारीरिक व्यायाम वा श्रमको स्वास्थ्यमा पर्ने सकारात्मक असर बारे नियमित जनचेतना फैलाउन सञ्चार माध्यामसँग सहकार्य गरिने छ ।

१६.८ धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्री वितरण हुने व्यवस्था मिलाइ जनचेतना अभिवृद्धि गरिने छ ।

१६.९ आफ्नै घरआँगन र करेसाबारीमा उपलब्ध हुने सागसब्जी, फलफुल र खाद्यान्नहरूको पोषणको स्तर तथा सन्तुलित भोजनका बारेमा विद्यालयस्तरमा नियमित रूपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१६.१० आम नागरिकलाई नियमित सम्पूर्ण स्वास्थ्य जाँचका फाइदाबारे व्यापक प्रचारप्रसार गरिने छ ।

**नीति १७ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।**

१७.१ महिनावारी भएका वेला छात्राहरूको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनटिरी प्याड वितरणको व्यवस्था गरिनेछ ।

१७.२ अपाङ्गहरूका लागि आवश्यकताअनुसारको सहयोगी उपचार व्यवस्था तथा सहयोगी सामग्रीको व्यवस्था मिलाइनेछ ।

१७.३ प्रेषण प्रणालीलाई व्यवस्थित बनाई उपचारका लागि अन्यत्र प्रेषण भएका बिरामीहरूको सहजीकरण र व्यवस्थापन गरिनेछ ।

१७.४ लैङ्गिक हिंसामा परेका, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवम् हेरचाहका लागि निजी-सरकारी सहकार्यमा गाउँपालिका पुनःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन गरिनेछ ।

१७.५ सङ्घ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

१७.६ गाउँपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमशः वृद्धि गरिनेछ ।

१७.७ अतिगरिब, असहाय, द्वन्द्वपीडित, अल्पसंख्यक तथा लोपोन्मुख जातिलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिनेछ ।

**नीति १८. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।**

१८.१ स्वास्थ्य सेवाप्रदायक व्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभरि प्रभावकारी रूपमा लागू गरिनेछ ।

१८.२ स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित गरिनेछ । स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्यप्रति जवाफदेही बनाइनेछ ।

१८.३. स्वास्थ्य सुशासन कायम गर्नका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवाप्रवाहमा सेवाग्राहीहरूको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

१८.४. गाउँपालिका स्वास्थ्य शाखा तथा स्वास्थ्य सस्थाहरुमा हुने खर्च तथा आम्दानीको व्यवस्थित एवं पारदर्शि बनाइने छ ।

१८.५. गाउँपालिकाभित्र सन्चालन हुने स्वास्थ्य संग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरुलाई एकद्धार प्रणालीबाट लागु गर्न बार्षिक कार्यक्रम संचालन कार्ययोजना बनाई लागु गरिने छ ।

१८.६ स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था तथा दातृनिकायहरूलाई जनतामुखी र परिणाममुखी कार्य गर्नका लागि उत्प्रेरित गरिनेछ ।

१८.७ गाउँपालिकाभित्रका नागरिकलाई स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा सञ्चार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१८.८ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी सशक्त एवम् जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ ।

**नीति १९ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्धन गर्दै गाउँपालिकावासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।**

१९.१ खाद्य विविधीकरणमा जोड दिँदै स्थानीय स्तरमा समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्नेसम्बन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

१९.२ अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१९.३ पोषणयुक्त बालपौष्टिक आहारलगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

१९.४ अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरिने छ ।

१९.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्त्वयुक्त खाद्यपदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्यपदार्थ प्रशोधन तथा बजारीकरणका लागि साना किसान र व्यवसायी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१९.६ बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रमलगायत पोषणसम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

१९.७ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दूध उत्पादन बिक्रीवितरणका लागि नियमन गरिनेछ । कुनै पनि तयारी खानेकुराहरूमा अनिवार्य लेवलिङको व्यवस्था गरिनेछ ।

**नीति २० जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गर्दै स्वस्थ, स्वच्छ, सफा तथा समृद्ध गाउँपालिका निमार्ण गरिनेछ ।**

२०.१ फोहोरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ ।

२०.२ गाउँपालिकाभित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

२०.३ समुदायमा वितरण गरिएको खानेपानी तथा व्यावसायिक रूपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ ।

२०.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

२०.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाइनेछ र सोको दिगोपनको रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

२०.६ गाउँपालिकाभित्र खानेपानी, हावा, ध्वनिको गुणस्तरको मापदण्ड निर्धारण , कार्यान्वयन र नियमन गरिनेछ ।

२०.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरूसँग समन्वय गरी स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

२०.८ स्वास्थ्य संस्थाजन्य फोहोरको व्यवस्थापन तथा विसर्जनसम्बन्धी मापदण्ड बनाई गाउँपालिकास्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ ।

२०.९ जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

## ८. संस्थागत व्यवस्था

८.१ नीति कार्यार्यान्वयनका लागि नेपालको संविधान र सङ्घीय संरचनाअनुरूप यस नीतिले परिकल्पना गरेअनुसार गाउँपालिकाको स्वास्थ्य संरचनालाई नेपाल सरकार र प्रदेश सरकारसँगको समेत समन्वयमा विकास र विस्तार गरिनेछ । गाउँपालिका स्वास्थ्य प्रणालीको विकास गरिनेछ ।

८.२ गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरू रहनेछन् भने स्वास्थ्य सेवाप्रदायकका रूपमा विभिन्न स्वास्थ्य संस्थाहरू हुनेछन् । त्यसैगरी आधारभूतलगायत अन्य स्वास्थ्य सेवाप्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ भने प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू रहनेछन् । स्वास्थ्य संस्था स्थापना तथा सेवाविस्तारका लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय एवम् सहकार्य गरिनेछ ।

८.३ नीतिले परिकल्पना गरेअनुसार स्वास्थ्यसम्बन्धी आवश्यक ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका कानुनी दस्तावेज तर्जुमा गरी लागू गरिनेछ ।

८.४ नीतिको विस्तृत आवधिक योजना तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८.५ मानव संसाधन विकासका लागि संघिय सरकार, प्रदेश सरकार, संघ तथा प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वस्थ जनशक्ति उत्पादन गर्ने निकायहरूसँग समन्वय गरी संस्थागत क्षमता सुदृढ गरिनेछ

## ९. वित्तीय व्यवस्थापन

नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजित बजेट, निजी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोग तथा साझेदार संस्थाबाट प्राप्त सहयोग यस नीति कार्यान्वयनका प्रमुख वित्तीय स्रोत रहनेछन् । यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न गाउँपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रममार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ । यस नीतिको प्राथमिकताअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्याङ्कन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व कार्यपालिकाको हुनेछ । यसका लागि सामाजिक विकास समिति, स्वास्थ्य सेवा व्यवस्थापन समिति र शाखाको संयन्त्र

र क्षमता विकास गरिनेछ । वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ ।

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणालीसमेतलाई मध्यनजर गरी गाउँपालिकाले स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीको विकास गर्नेछ । उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित, प्रभावकारी र सहज बनाइनेछ । प्रत्येक तिन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक कानुन तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्ययोजनाअनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण एवं कार्यान्वयन गरिनेछ । वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

मौलिक अधिकारका रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणालीमार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न बैजनाथ गाउँपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।